# रामेछाप नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रामेछापबजार, रामेछाप

बागमती प्रदेश, नेपाल

## क्याटलग/ब्रोसर सपिङ विधि बाट सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशन मिति : २०७६/१०/०६ गते)**

यस कार्यालयको लागि आवश्यक भएको सवारी साधन सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ८ को उपदफा १ (क) (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (नवौं संशोधन सहित) को नियम ३१ (ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको सवारी साधनका उत्पादक वा आधिकारिक बिक्रेताहरुबाट उक्त सवारी साधन बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतिपत्र, सो को अद्यावधिक नविकरण भएको पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७५/०७६ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त सवारी साधन सप्लाई गरेको हाल सम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाण पत्र, उत्पादनको आधिकारिक प्राविधिक स्पेशिफिकेशन, मूल्य, गुणस्तर तथा सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ८औं दिन १२:०० बजे सम्म यस कार्यालयमा निवेदन दर्ता गराउन सार्वजनिक खरिद नियमावली, २०६४ (नवौं संशोधन सहित) को नियम ३१ (ख) बमोजिम आव्हान गरिएको छ। पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन निवेदन पेश गर्न सकिने छ । थप जानकारी आवश्यक परेमा कार्यालयको वेबसाईट www.ramechhapmun.gov.np वा फोन नं.: ०४८-४०००१२ मा सम्पर्क राख्न सकिनेछ ।

**तपशिल**

| सि.नं. | साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १ | जीप (१ वटा) | Hard Top Jeep/SUV, Right Hand drive Model with 4WD, Gross Weight not be less than 2500 kg, Seating Capacity at least 7 persons including driver, 1900-2100 CC, Four Stroke, Turbocharged Diesel engine | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत technical specification बमोजिम हुनेछ । स्वीकृत technical specification को लागि कार्यालयमा सम्पक गर्न सकिने छ । |

**प्रमुख प्रशासकिय अधिकृत**